मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १२० | २०८० साल चैत्र ०४ गते आइतबार | Sunday 17, March 2024 | सूर्योदयः बिहान ६:१५ बजे | सूर्यास्तः साँझ ६:१३ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## शासनमा व्यक्तिको परिवर्तन मात्र गणतन्त्र होइनः राष्ट्रपति




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्र प्राप्त गर्नुलाई राजनीतिक रुपमा जनताको सर्वोत्तम उपलब्धि भएको बताएका छन् । शनिबार मटिहानीमा सहिद केशव कोइरालाको प्रतिमाको अनावरण गरेपछि सहीद केशव कोइराला स्मृति प्रतिष्ठान र मटिहानी नगरपालिकाद्वारा संयुक्तरूपमा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले गणतन्त्रको वास्तविक अर्थ बुझ्न र त्यसलाई अनुभूत गर्न बाँकी नै रहेको बताए ।
गणतन्त्र भनेको शासनमा व्यक्तिको परिवर्तन मात्र नभएको भन्दै उनले उनले भने, 'यो त जनताको राजकीय शक्तिको प्रवाहमा सामेल हुन पाउने अधिकार हो । यो संस्कार, संस्कृति, आनीबानी र व्यवहार मात्रै होइन आचरणमा परिवर्तन पनि हो ।'
नेपाली जनताको ठूलो सङ्घर्षबाट मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथा लोकतान्त्रिक आन्दोलनको महत्वपूर्ण चरण पार गरेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले वर्तमान संविधानले निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाका सबै प्रकारका विभेद र असमानतालाई अन्त्य गरेको बताए ।
नेपालको संविधानले निर्दिष्ट गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रले नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक स्वतन्त्रतासहित निमुखालाई न्याय र विपन्नलाई आयआर्जनका अवसरबाट वञ्चित नगरिने लक्ष्य लिएको उनको भनाइ थियो ।
राष्ट्रपति पौडेलले प्रशासनिकरूपमा राज्यको पुनः संरचनासँगै तल्लो तहका जनताको पहुँचमा राज्यसत्ता पुगेको र अब राज्यको चरित्रको पुनः संरचना हुन र केन्द्रीकृत अधिकार तल्लो तहमा प्रत्यायोजन गर्न अझै बाँकी रहेको बताए । संविधानबमोजिम प्रदेशहरूलाई अधिकार सम्पन्न बनाउने कानुन चाँडो निर्माण गर्न सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूलाई आफूले आग्रह गरेको उनले सुनाए ।

## अध्यक्ष यादवको सक्रियतामा जसपा पर्साको विवाद साम्य



**मधेशदृष्टि**
**वीरवगंज ।**
जनता समाजवादी पार्टीका अध्यक्ष समेत रहेका उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवको निरन्तरको प्रयासले अन्तत जनता समाजवादी पार्टी पर्साको विवाद समाधान भएको छ ।
शुक्रबार राति अबेरसम्म वीरगंजको होटल पुजनमा पार्टीका केन्द्रीय अध्यक्ष यादवको पहलमा पूर्व मन्त्री एवम् पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदीप यादव, वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, पार्टीका मधेश प्रदेश इन्चार्ज बालकिशोर यादव, दुईवटा समानन्तर कमिटिका अध्यक्षद्धय रामनरेश यादव र सिंघाशन साह तेली लगायत नेताहरुको उपस्थितीमा पार्टी भित्र देखिएको आन्तरिक विवाद समाधान गरी समानान्तर समिति भंग गर्ने सहमति भएको हो ।
विगत लामो समयदेखि जिल्लामा विवाद हुँदा दुई वटा समानान्तर कार्यसमिति निर्माण भएका थिए । पार्टीको महाधिवेशनका लागि अब क्रियाशिल सदस्यता वितरण गर्ने तथा होली पछि कार्यसमिति पुर्नगठन गर्ने सहमति भएको पूर्व मन्त्री एवम् सांसद प्रदीप यादवले जानकारी दिए । उनले भने, 'पुरानो तिक्ततालाई बिर्सिएर अब सबै नेता तथा कार्यकर्ता एकजुट भई संगठन निर्माणमा जुटन अध्यक्षले निर्देशन दिनुभएको छ । होली पछि जिल्ला कार्यसमिति पुर्नगठन हुन्छ ।' पार्टीको पुर्नगठनमा पूराना नेता कार्यकर्ताहरु नछुटने उनको भनाइ छ ।

## नेसपाको विवादः यादव पक्ष माओवादी समाहित, भट्टराईको असहमति



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल समाजवादी पार्टी (नेसपा)भित्रको विवाद अन्ततः विभाजनको तहमा पुगेको छ । पूर्व प्रधानमन्त्री समेत रहेका पार्टीका अध्यक्ष डा.बाबुराम भट्टराई र अर्का अध्यक्ष महिन्द्रराय बीच असमझदारी बढ्दा पार्टी विभाजन भएको हो । पार्टीका एक अध्यक्ष यादव पक्षले शनिबार नेसपा र माओवादी केन्द्रबीच पार्टी एकता गर्ने सहमति गरेका छन् ।
शनिबार सत्तारुढ दल नेकपा माओवादी केन्द्र र नेपाल समाजवादी पार्टी (नेसपा) बीच एकता गर्ने सहमति भएको छ ।
नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को अध्यक्षतामा माओवादी केन्द्र र नेपाल समाजवादी पार्टी केन्द्रीय समितिको एकता संयोजन समितिको बैठकले उक्त निर्णय गरेको जनाएको छ । नेपाल समाजवादी पार्टीका महासचिव रमेशप्रसाद यादव र नेकपा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले बैठकपछि संयुक्त रुपमा जारी गरेको प्रेस विज्ञप्तिअनुसार एकीकृत पार्टीको नयाँ नामका सन्दर्भमा आगामी महाधिवेशनमा टुङ्गो लगाउने निर्णय भएको छ ।
पार्टी एकताका लागि वैचारिक एकरुपता र सङ्गठनात्मक तयारी गर्न कार्यदल गठन गरिएको छ ।
कार्यदलमा नेकपा माओवादी केन्द्रका तर्फबाट महासचिव गुरुङ र उपमहासचिव जनार्दन शर्मा तथा नेपाल समाजवादी पार्टीका तर्फबाट सहअध्यक्ष गङ्गानारायण श्रेष्ठ र महासचिव यादव रहेका छन् । माओवादी केन्द्रका तर्फबाट अध्यक्ष दाहाल, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र महासचिव गुरुङ र समाजवादी पार्टीबाट अध्यक्ष महिन्द्र राय यादव, सहअध्यक्ष श्रेष्ठ र महासचिव यादव सहभागी उक्त निर्णय गरेको प्रस नोटमा उल्लेख गरेको छ ।
यादव पक्षले माओवादीसँग पार्टी एकता गर्ने सहमतिलाई लिएर अर्का अध्यक्ष डा.बाबुराम भट्टराईले भने असहमति जनाएका छन् । भट्टराईले चैत ४ गते (आज) केन्द्रीय कार्यकारिणी समिति र चैत ५ गते (भोली) केन्द्रीय समितिको बैठक बोलाएका थिए । तर बैठकको अघिल्लो दिन अर्का अध्यक्ष यादव समूहले माओवादी केन्द्रसँग एकता घोषणा गरेपछि भट्टराईले आपत्ति जनाएका छन् । पछिल्लो समय नेसपाभित्र माओवादी केन्द्रसँग पार्टी एकता गर्नुपर्ने मत रहेको भए पनि भट्टराई सहमत भएका थिएनन् ।
गत वर्ष ४ मंसिरको प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा नेसपाले माओवादी केन्द्रकै चिह्नबाट चुनाव लडेको थियो । संघमा सर्लाही २ बाट महिन्द राय यादव, वाग्मती प्रदेशमा सिन्धुली २ (२) बाट गंगानारायण श्रेष्ठ र गोरखा २ (२) बाट फणिन्द्र देवकोटा निर्वाचित भएका थिए । संघको समानुपातिकमा उमरावती देवी निर्वाचित भएकी थिइन् ।

## गोली प्रहार घटनाः इन्स्टाग्राममा योजना बनाएर आएका थिए अपराधी

**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको दक्षिणी भेग भारतीय सिमानासंग जोडिएको परोहा नगरपालिकास्थित खाप चौकमा शिव मनी ट्रान्सफरका सञ्चालक नितेस साहमाथी भएको गोली प्रहार घटनामा पक्राउ परेका तीन जना भारतीयलाई सनिबार प्रहरीले सार्वजनिक गरेको छ । हतियारको भरमा गरिएको लुटपाट पछि गोली प्रहार गर्ने घटनामा संलग्न तीन जना भारतीय नागरिकलाई स्थानीयको सहयोगमा शुक्रबार रौतहट प्रहरीले नियन्त्रणमा लिन सफल भएको थियो ।
जिल्ला प्रहरी कार्यालय रौतहटमा शनिबार पत्रकार सम्मेलनमार्फत उनीहरुलाई सार्वजनिक गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं डिएसपी एलिजा गिरीले परोहा नगरपालिका वडा नम्बर ९ स्थित खाप चोकमा शिव मनी ट्रान्सफरमा स्वचालित पेस्तोल र कटुवा बोकेर आएका तीन जना भारतीय नागरिकले काउन्टरमा बसेका संचालक २६ वर्षीय नितेस साहलाई हतियारको बलमा रकम लुटेका थिए । त्यहाँबाट निस्कने क्रममा नितेसले अवरोध गरेपछि आपराधिक समूहले गोली फायर गर्दा साहको कञ्चटमा लागेको थियो ।
घाइते नितेसलाई तत्कालै उपचारको लागि प्रादेशिक अस्पताल गौरमा सामान्य उपचार पछि थप उपचारको लागि एलएस न्यूरो परवानीपुरमा पठाइएको थियो । उनको सघन उपचार कक्ष (आइस्यू) मा उपचार गर्न पठाइएकोमा उनको आँखामा समस्या देखिएकोले तिलगंगा अस्पताल काठमाडौं रेफर गरिएको छ । गम्भीर घाइते नितेसको अवस्था स्थिर रहेको प्रवक्ता डिएसपी गिरीले बताइन् ।
अपराधीहरू घटना लगतै सीमापारी भाग्ने आशंकामा तत्कालै सीमा क्षेत्रमा ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी खटाइएको र स्थानीयहरुले खटेदै दशगजा क्षेत्रबाट तीनै जना अपराधीलाई नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ । पक्राउ पर्नेहरुमा भारत विहार राज्यको पूर्वी चम्पारण मोतिहारी जिल्लाको चिरैया थाना दिपही गाउँका १९ वर्षीय मुनिष भन्ने मुनिफकुमार यादव, सोही ठाउँका १८ वर्षीय राधा भन्ने राजकुमार पासवान र २० वर्षीय चुनु कुमार सिंह भन्ने चन्द्रभान सिंह रहेको प्रवक्ता गिरीले पत्रकार सम्मेलनमा जानकारी गराइन् ।
उनीहरूको साथबाट एक थान कटुवा पेस्तोल, त्यसमा प्रयोग हुने आठ एमएमको गोली एक थान, सात दशमलव ६२ एमएमको अर्धस्वचालित पेस्तोल एक थान, त्यसैको म्याग्जिन एक थान र पाँच राउण्ड गोली बरामद भएको छ ।
उनीहरुमाथि ज्यान मार्ने उद्योग, हातहतियार खरखजाना र चोरी तथा डाँकासम्बन्धी कसुरअन्तर्गतको मुद्दा दर्ता गरी थप अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

**को हुन चन्द्रभान सिंह ?**
चन्द्रभान सिंह भारतको गोवामा एउटा क्लवमा सेक्युरेटी गार्डको काम गर्दै आएका थिए । उनले विहारको मुंगेरबाट १४ हजार भारुमा चाइनिज जस्तै देखिने स्वचालित पेस्तोल र कटुवा पेस्तोल किनेका थिए । सिंह विहारमै एउटा बैंक लुटपाटमा संलग्न रहेको आरोपमा पक्राउ परी कारागारमा थिए । तीन महिना अघि बेल भएर रिहा भएपछि पुनः गोवा पुगेर काम सुरु गरी १५ दिन अघि मात्रै घर फर्किएको अनुसन्धानबाट खुलेको प्रवक्ता गिरीले बताइन् ।
गोवा बसाईकै क्रममा पक्राउ परेका अन्य दुईजनासँग इन्टाग्राममा सम्पर्क गरेर घटना घटाउन छलफल गरी पाँच दिन अघि घर आएर उनीहरूले शिव मनी ट्रान्सफरको रेकी गरेको थिए ।
शुक्रबारको घटनामा मुनिफकुमार यादव र चन्द्रभान सिंहले हतियार लिएर मनि ट्रान्सफमा प्रवेश गरेको देखिन्छ भने पासवान खाली हात भित्र गएको त्यहाँ रहेको सिसिटिभी फुटेजले देखिन्छ । सिसिटिभिमा दुई हतियार देखिएको र पक्राउ परेपछि उनीहरूको साथबाट एउटा हतियार मात्र फेला परेपछि पुनः दशगजा क्षेत्रमा सर्च गर्दा बाँसघारीमा पाँच राउण्ड लोड गरिएको स्वचालित पेस्तोल बरामद भएको डिएसपी गिरीले पत्रकार सम्मेलनमा जानकारी गराइन् । पत्रकार सम्मेलनमा रौतहट प्रहरी प्रमुख एसपी महेन्द्रकुमार श्रेष्ठले घटना पश्चात आफ्नै कमाण्डमा सिमा क्षेत्रमा नाकाबन्दी गर्दा अपराधीहरलाई समात्न सफल भएको दाबी गरे । चुनौतीपूर्ण घटना भएपनि नेपाल प्रहरी र सशस्त्र प्रहरीको सक्रियतामा सीमावर्ती क्षेत्रबाट उनीहरुलाई समात्न सफल भएको उनले बताए । यस्ता घटना पुनः दोहोरिन नदिन सीमावर्ती क्षेत्रमा आउने जानेमाथि कडा निगरानी शुरु गरिएको एसपी श्रेष्ठले बताए ।

## कार्यदलले बुझायो साझा न्यूनतम कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारको साझा न्यूनतम कार्यक्रम निर्धारण गर्न गठन भएको कार्यदलले गठबन्धन आबद्ध दलका शीर्ष नेतासमक्ष साझा न्यूनतम कार्यक्रम प्रस्तुत गरेको छ । प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसमक्ष साझा न्यूतनम कार्यक्रम प्रस्तुत गरिएको हो ।
सत्ता साझेदार दलहरुले सरकारको साझा न्यूनतम कार्यक्रम बनाउन १० सदस्यीय कार्यदल गठन गरेको थियो ।
कार्यदलमा नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेल र उपमहासचिव विष्णु रिमाल, नेकपा माओवादीका तर्फबाट अर्थमन्त्री एवं उपमहासचिव वर्षमान पुन र जनार्दन शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट उपसभापति स्वर्णिम वाग्ले र महासचिव मुकुल ढकाल सहभागी थिए । कार्यदलमा जनता समाजवादी पार्टी नेपालबाट केन्द्रीय कार्यकारिणी सदस्य राजेन्द्र श्रेष्ठ र मनिष सुमन तथा नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव घनश्याम भुसाल रहेका थिए ।

*म राजनीतिज्ञ बन्नुपूर्व एकदमै इमान्दार मानिस थिएँ ।*

*– शुकरात*

## सम्पादकीय

# कुटनीतिक प्रयासमा असफलता

*सन् २०२२ को फेब्रुअरीदेखि रुस र युक्रेनबीचको लडाई जारी छ । करिब दुई वर्षसम्मको युद्धमा हजारौ निदोष नागरिकले ज्यान गुमाइसेका छन् । युद्धको मारमा सबैभन्दा बढी महिला तथा बालबालिकाहरु परेका छन् । दुई शक्तिशाली मुलुकहरुबीचको लडाईमा अन्य थुप्रै देशका निर्दोष नागरिकले समेत ज्यान गुमाएका छन् । त्यसको प्रत्यक्ष प्रभाव नेपाली नागरिकले पनि भोग्नु परेको छ । युद्धग्रस्त मुलुक रुसी सेनामा दलालमार्फत भर्ती हुन पुगेका नेपाली नागरिकले अनाहकमा ज्यान गुमाउने क्रम रोकिएको छैन । रुसी सेनामा भर्ती भएका बाहेक रुसमा अन्य काम गर्न गएका नेपाली नागरिकले पनि ज्यान गुमाएका छन् । रुस युक्रेन युद्धका कारण तीन दर्जन नेपाली नागरिकले ज्यान गुमाएको सरकारी तथ्याङ्कले नै पुष्टी गरेको छ । युद्ध सुरु भए लगत्तै रुस र युक्रेनको अवस्था बुझेर आफ्ना नागरिकलाई स्वदेश फिर्ता गराउने सरकारको प्रयासमा भने सफलता मिल्न सकेको छैन । जसको परिणाम रुसमा रहेका नेपाली नागरिकले ज्यानै गुमाउनु परेको छ । त्रासपूर्ण दर्दनाक अवस्थामा रहेका रुसी सेनामा कार्यरत केही नेपाली नागरिकले गत साता सामूहिक एक भिडियो सन्देशमा आफूहरुलाई उद्धारको पहल गरिदिन छिमेकी मुलुक भारत सरकारसँग समेत अपिल गरेका छन् ।*

*नेपाली नागरिक भारत र बेलायतको बाहेक अन्य देशको सेनामा भर्ती हुनु गैरकानुनी हो । यस्तो अवस्थामा नेपाली नागरिक रुसी सेनामा भर्ती हुनु अवैध हो । रुसी सेनामा भर्ती हुन पुगेका सोझा नेपाली नागरिकहरु भने विचौलियाको फन्दा परेर विभिन्न प्रलोभनमा परी त्यहाँ पुगेको उनीहरु स्वयम स्वीकार गर्दै आएका छन् । दलालहरूले प्रलोभन देखाएर र झुक्याएर रुस पुयाएको र रुसी सेनामा भर्ती गराएको बताउँने उनीहरु अहिले त्रासपूर्ण अवस्था छन् । रुस युक्रेन युद्ध चलेको करिब दुई वर्ष भन्दा बढी समय भइसक्दा पनि रुसमा रहेका नेपाली नागरिकहरु स्वदेश फर्किन पाइरहेका छैन । रुसी सेनामा नेपाली नागरिकहरु रहेको कुरा सार्वजनिक भएको लामो समय बितिसक्दा पनि सरकारको असफल कुटनीतिक प्रयासले उनीहरुको उद्धार हुन सकिरहेको छैन । बारम्बारबको कुटनीतिक प्रयासमा सरकारले असफलता प्राप्त गर्दा नेपाली नागरिकले आफ्नो ज्यान गुमाउन विवश छन् । रुसी सेनामा कार्यरत नेपाली नागरिकको उद्धारमा ढिलाई हुँदा त्यसले सरकारको असफलतामा दर्शाएको छैन, पीडित परिवारमा समेत भय र चिन्ताको अवस्था सिर्जना गरिदिएको छ ।*

*पछिल्लो पटक पनि सरकारले रुसी सेनामा कार्यरत सात जना नेपाली नागरिकको ज्यान गएको पुष्टी गर्दै परम्परागत सम्झौताअन्तर्गत केही देशका राष्ट्रिय सेनामा बाहेक अरू विदेशी सेनामा भर्ना हुन अनुमति दिने सरकारको नीति नरहेको दोहो¥याएको छ । रुसी सेनामा भर्ना भएका नेपालीलाई स्वदेश फिर्ता गराउन सरकारले उच्च प्रयास तथा कुटनीतिक प्रयासलाई जारी नै राखेको भनिए पनि त्यसको परिणाम भने देखिएको छैन । युद्धग्रस्थ रुस युक्रेनको अवस्थालालाई मध्यनजर गर्दै सरकारले सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेशा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकहरुलाई रुस यात्रा गर्नुपरेमा नो अब्जेक्सन लेटर लिएर मात्र यात्रा गर्ने प्रावधान मिलाएको छ । तर, युद्ध ग्रस्त मुलुक रुसमा रहेका नेपाली नागरिकलाई स्वदेश फर्काउने विषयमा भने सरकारले प्रयास भइरहेको जवाफलाई नै दोहो¥याइरहेको छ । त्यसका लागि अन्य तेस्रो मुलुकसँगको सहकार्य गरेर भए पनि नेपाली नागरिकलाई स्वदेश फर्काउने कुरामा सरकार अझै गम्भीर भएर ठोस पहल थाल्न पनि असफल नै देखिएको छ । जसले गर्दा उद्धारका लागि निवेदन दिएका परिवारहरुले अझै कति दिन पर्खिनुपर्ने हो ? अनिश्चित बनेको छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।


सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# आखिर मानिस किन बसाइँ सर्छ ?



चेतन अधिकारी



हिजोआज बसाँइसराइले गाउँ रित्तिएका, सहर भरिएका, हिमाल पहाड बिराना बनेका, तराईमा घना बस्ती बसेका विषयहरु जताततै सुन्न र हेर्न पाइन्छ। मानिस किन यसरी चलायमान भएका हुन् ? उनीहरुलाई के नपुगेर बसिरहेको ठाउँबाट हिंडेका हुन् वा के पाइन्छ भनेर नयाँ नयाँ ठाउँ खोज्दै भौंतारिएका हुन् ? यस्ता प्रश्नहरुलाई यतिबेला मञ्चको अवस्था हेरी फरक फरक तरिकाले प्रस्तुत गरिने गरेको छ। पहिला पहिला सुनिने जन्मदर घटाऔँ, दुई मात्र सन्तान जन्माऔँ भन्ने नारा सुनिन छाडेका छन् । सुनिन्छन् त केवल मानिस उता सरे, यता सरे। यताको गाउँ रित्तियो, उताको सहर भरियो मात्र। सरसर्ती हेरौँ नेपालीहरु कसरी बसाइँसराइको परम्परागत मार्ग पछ्याउँदै हिमाल पहाडबाट ओरालो झरिरहेका छन्।

### प्रजातन्त्र, पञ्चायत हुँदै गणतन्त्रसम्मका दृश्य

राणाशासन अन्त्य भएर नेपालमा प्रजातन्त्रको उदय भइसकेपछिको पहिलो जनगणना अर्थात् जनगणनाको पाँचौँ शृंखला २००९÷११ सालको जनगणनामा नेपालको हिमाल र पहाडी भूभागमा कूल जनसंख्याको ६४.८ र तराईमा ३५.२ प्रतिशत मानिसहरु बस्दथे। प्रजातन्त्रलाई राजा महेन्द्रले जफत गरेर पञ्चायती व्यवस्था सुरु गरेको अर्को वर्ष गरिएको २०१८ सालको जनगणनामा हिमाल र पहाडमा बस्ने जनसंख्या घटेर तराईमा बस्ने जनसंख्या बढ्न थाल्यो। यसअनुसार हिमाल र पहाडमा ६३.६ र तराईमा ३६.४ प्रतिशत मानिस बसोबास गरेको देखिन्छ।

विसं २०२८ देखि हिमाल र पहाडको जनसंख्यालाई अलगअलग रुपमा प्रस्तुत गर्न थालियो । यसअनुसार पहाडमा कूल जनसंख्याको आधाभन्दा बढी मानिसको बसोबास देखिन्छ । त्यसबेला ५२.६ प्रतिशत मानिस पहाडी भूगोलमा बसेका थिए। तराईमा ३७.६ प्रतिशत मानिसको बसोबास थियो। २०३८ सालको जनगणनाले पहाडी क्षेत्रलाई पहिलोपटक अल्पमतमा रहेको देखायो। यसबेला पहाडको जनसंख्या अघिल्लो दशकमा भन्दा करिब छ प्रतिशत घटेर ४७.७ प्रतिशतमा सीमित हुनपुग्यो। यसको ठीक विपरीत तराईको जनसंख्याको हिस्सा अघिल्लो दशकभन्दा छ प्रतिशत नै बढ्यो। अर्थात् २०३८ को दशकमा नेपालको तराई क्षेत्रमा ४३.६ प्रतिशत मानिस बसोबास गर्न थाले । यो दशकमा हिमाली क्षेत्रको जनसङ्ख्या पनि उसैगरी ओरालो लाग्ने क्रममा देखियो। अघिल्लो दशकमा ९.९ प्रतिशत जनसंख्या ओगटेको यो भूगोलमा ८.७ प्रतिशत मात्र मानिस देखिए।

### प्रजातन्त्रको पुनस्र्थापनापछि पनि अवस्था उस्तै

नेपालमा बहुदलीय व्यवस्थाको पुनस्र्थापनापछि अर्थात् २०४८ जेठ–असारमा नयाँ जनगणना भयो। यसले पनि जनसंख्या वितरणको पुरानो प्रवृति अर्थात् तराई उन्मुख जनसङ्ख्याको वृद्धिदर उच्च नै देखायो। पहाडको हिस्सा घट्दै गएको तस्बिर यसले सार्वजनिक ग¥यो । २०४८ सालमा पहिलोपटक तराईमा पहाडमा भन्दा बढी जनसंख्या देखियो। यो वर्ष पहाडमा जनसंख्याको ४५.५ प्रतिशत र तराईमा ४६.७ प्रतिशत जनसंख्याको बसोबास देखियो। माओवादीको सशस्त्र द्वन्द्वको चरम उत्कर्ष समय अर्थात् २०५८ सालमा भएको जनगणनामा पहाडको जनसङ्ख्याको हिस्सा घटेर ४४.३ प्रतिशतमा झ¥यो भने तराईको ४८.४ मा पुग्यो।

यसै वर्षदेखि पहाडका केही जिल्ला अब ऋणात्मक वृद्धिदरतर्फ जाँदैछन् भन्ने सङ्केत मिलिसकेको थियो। देशको औसत जनसंख्या वृद्धिदर २.२५ प्रतिशत भएको यो समयमा तेह्रथुम, खोटाङ, पर्वतजस्ता जिल्लाको जनसंख्या वृद्धिदर एक प्रतिशतभन्दा न्यून देखियो।

### गणतन्त्र स्थापनापछि झन् ठूलो लर्को

नेपालमा गणतन्त्र आइसकेपछि पहिलोपटक २०६८ सालमा जनगणना भयो। नेपालमा जनगणना सुरु भएको एक शताब्दी पुगेको अवसरमा यो जनगणना भएको थियो। यस जनगणना हिमाली र पहाडी क्षेत्रका लागि सुखद् देखिएन । यस पटक एकैचोटि २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखियो। यसरी जनसंख्या क्षति व्यहोर्ने जिल्लाहरु मध्यपहाडी क्षेत्रका धेरै थिए। यसपटक पूर्वमा पाँचथरदेखि पश्चिममा धौलागिरि पूर्वका जिल्लामा ठूलो मात्रामा जनसंख्या कमी भएको देखियो।

यस जनगणनामा तराईमा पहिलोपटक नेपालको आधाभन्दा बढी जनसंख्या रहेको तथ्याङ्क सार्वजनिक भयो। यहाँ पहाडमा ४३ प्रतिशत जनसंख्या हुँदा तराईमा ५०.३ प्रतिशत जनसंख्या देखियो । यो तथ्याङ्कले एकैचोटि दुईवटा प्रश्न जन्मायो । राजतन्त्रको अन्त्यसँगै मानिस राजनीतिक अधिकार पाए । नेपालीको स्वतन्त्रताको सीमा पनि बढ्यो। यसमा खुसी हुनुपर्ने कारण पनि थियो। तर किन मानिस पहाडी र हिमाली क्षेत्रको परम्परागत थातथलोलाई छोडेर नयाँ गन्तव्यतिर लागेका हुन् ? अर्कोतिर तराईको उर्वर भूमिमा मानिसहरुको चाप बढ्दै गएपछि त्यहाँको अन्न भण्डारमा घैरघर हुने भए।

पहाडमा मानिस नबसेर खेतबारी बाँझा भए । यसले खाद्यान्नको परनिर्भरतालाई थप मलजल हुने स्थिति देखियो। दोस्रो यही रितले मानिसहरुले पहाडबाट बसाइँ सर्दै तराईतिर झर्ने हो भने पहाडको भविष्य के हुन्छ ? हिजो कुनै बेला औलो र जङ्गली जनवारका कारणले तराई क्षेत्र बस्न अयोग्य भए जस्तै मानिसहरु छोड्दै गएपछि जङ्गल र जङ्गली जनावरको बिगबिगीका कारणले मानिस बस्न योग्य होला त ? यसै समयदेखि पहाडमा बाँदर आतङ्कका समाचारहरु आउन थाले। यो विषय अहिले संसद्मा पनि पटकपटक उठ्ने गरेको छ। विसं २०७८ मा नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र अवलम्बन गरेपछि पहिलो जनगणना थियो। यसले जनसङ्ख्या वितरणको भौगोलिक परिवेशलाई झनै विकराल देखायो । यसपटक तराईको जनसङ्ख्याको हिस्सा बढेर ५३.६१ देखायो भने पहाडको घटेर ४०.३१ मा सीमित भयो। त्यति मात्र होइन, अघिल्लो दशकमा ऋणात्मक जनसङ्ख्या भएका २७ वटा जिल्ला रहेकामा यस दशकमा हिमाल र पहाडका अरू सातवटा जिल्ला थपिएर ३४ वटा जिल्लाको जनसंख्या ऋणात्मक वृद्धितर्फ गए।

अघिल्लो दशकमा धौलागिरि पूर्वको पहाडले भोगेको जनसंख्या क्षति यस पटक लुम्बिनीका रोल्पा, रुकुम र कर्णालीका जाजरकोटबाहेक सुदूरश्चिम पहाडसम्म नै यो प्रवृत्ति फैलियो। अघिल्लो दशकमा दुई लाख ६१ हजार सात सय ७० जनसंख्या र १.५० प्रतिशत वार्षिक जनसंख्या वृद्धिदर भएको दैलेख २०७८ मा आइपुग्दा दुई लाख ५२ हजार तीन सय १३ जनसंख्या र ०.३५ प्रतिशतको वृद्धिदरमा झ¥यो। २०६८ को दशकसम्म बाह्य बसाइँसराइको रोगले नछोएको सुदूरपश्चिम पहाड २०७८ सालमा आइपुग्दा यही रोगबाट आक्रान्त भयो। त्यसबेलाको पहाडी क्षेत्रको गुल्जार कस्तो थियो भन्ने कुरा डोटी जिल्लाको एउटा तथ्याङ्कबाट अनुमान लगाउन सकिन्छ। त्यहाँ २०५८ सालमा दुई लाख सात हजार ६६ जनसंख्या थियो भने जनसंख्या वृद्धिदर २.२ प्रतिशत थियो। २०६८ सालमा यो जनसङ्ख्या दुई लाख ११ हजार सात सय ४६ पुग्यो भने जनसंख्या वृद्धिदर ०.२२ प्रतिशतमा सीमित भयो। २०७८ सालमा त यो जनसंख्या घटेर दुई लाख ४२ हजार एक सय ५७ मात्र भएन वृद्धिदर पनि घटेर –०.३२ प्रतिशतमा झ¥यो।

### मानिस किन बसाइँ सर्छ ?

मानिस किन बसाइँ सर्छ भन्ने सम्बन्धमा विभिन्न मत पाइन्छन् । जर्मनका भूगोलविद् वाल्टर क्रिस्लरले सन् १९३३ मा 'सेन्टर प्लेस थ्योरी' प्रतिपादन गरेका थिए। उनको यो सिद्धान्तमा सहर र गाउँको सम्बन्ध उल्लेख गरिएको थियो। जहाँ सहरले रोजगारी दिन्थ्यो। आर्थिक गतिविधिहरुलाई बढावा दिन्थ्यो। त्यस वरपरका गाउँहरुले यसको फाइदा लिन्थे। गाउँ सहरको सम्बन्ध षडकोण जस्तो हुन्थ्यो । हरेक कोणले गाउँलाई सहरीकरण हुन प्रेरित गरिरहेको हुन्थ्यो । समयक्रममा ती गाउँहरु फेरि सहरमा रुपान्तरण हुन्थे र त्यसभन्दा टाढाका अरु गाउँहरुलाई सहरी सुविधा दिन्थे। यो क्रम लम्बिँदै जान्थ्यो। अनि अर्धसहरी क्षेत्रहरु सहरी क्षेत्रमा परिणत हुन्थे।

सहरी योजना निर्माणमा संसारभरि नै प्रचलित यो सिद्धान्तले पनि हाम्रा हिमाली र पहाडी गाउँहरुलाई समेट्न नसकेको देखिन्छ । किनकि यी क्षेत्रमा निर्माण भएका हिजोका जिल्ला सदरमुकामका सहर आफैँ रोजगारी र अवसर नपाएर पलायन भइरहेका छन् । सङ्घीयताको जगका रुपमा रहेका पालिका केन्द्रमा सानासाना सहरी स्वरुपमा बजार बढ्लान्, तिनले सानोतिनो रोजगारी उपलब्ध गराउलान् भन्ने धेरैलाई लागेको थियो। स्थानीय तहको संरचना निर्माण भएको आठ वर्ष बितिसक्दा पनि मानिसले अपेक्षित परिणाम पाउन सकेनन्। फलतः मानिस आफ्ना आवश्यकताको खोजीमा गाउँ छोड्दै ठूला सहरतिर पसे। सहरले पनि थेग्न नसकेपछि विदेशतिर अस्थायी र स्थायी रुपमा बसाइँ सर्दैछन् ।

बसाइँ सर्न मानिसलाई सहज छैन। यसले आफ्नो पुख्रेयौली थलो छोडेर हिंडेको छ। उसका अनुभव सुन्ने हो भन्ने बसाइँ सर्न कति कठिन छ भन्ने अनुमान लगाउन सकिन्छ । पुस्तौँदेखि बसिरहेका छरछिमेकी, पशुचौपायादेखि ढुङ्गामाटोसम्मको माया मानिसले अनुभूत गर्दछ । मानवीय संवेदनायुक्त यो परिवेशलाई चिरेर पराइ ठाउँमा बसाइँ सर्नु आफैँमा साहस र जोखिमको भारी बोक्नु हो तर हरेक चुनौतीसँगै अवसर देख्ने मानवीय स्वभावले मानिसलाई सधैँ माटोसँगको भावनात्मक माया गाँसेर मात्र बसिरहन दिंदैन। त्यसैले उनीहरुले थप स्रोत साधन, शिक्षा, स्वास्थ्य रोजगारी र आफ्ना सन्तानको सुन्दर भविष्यका निम्ति पुख्र्यौली थलो छोड्छन्। यो मानवीय स्वभावलाई रोक्न खोज्नु खोला थुन्नु जस्तै हो। जनसंख्या परिवर्तनका तीन तत्वमध्ये बसाइँसराइ यस्तो तत्व हो, जसले दुवैतिरको जनसंख्यालाई असर गरेको हुन्छ। व्यक्ति जहाँबाट बसाइँ सरेको हो (उद्गम स्थान), त्यसले त्यहाँको जनसंख्या घटाउन मद्दत गरेको हुन्छ भने बसाइँ सरेर जहाँ जाने हो (गन्तव्य स्थान) त्यहाँको जनसंख्या बढाउन मद्दत गर्दछ।

### बसाइँसराइको लहरो देश बाहिरसम्मै

बसाइँराइको लहरो देशभित्र मात्र होइन, देश बाहिरसम्म लहरिएको छ। देशका कुनाकाप्चासम्म सडक सञ्जालको विस्तार हुँदै जाँदा र विश्वका विभिन्न देश हवाई मार्गमार्फत जोडिंदा पुख्र्यौली थलोहरु विराना हुँदै गएका हुन् । मानिसहरु नयाँ नयाँ अवसरको खोजीमा नयाँनयाँ ठाउँमा गएर बसोबास गरिरहेका छन्। बसाँइसराइको यो प्रवृत्तिले समाजमा र देशमा पर्नसक्ने र परिरहेका असर र प्रभावप्रति भने सरकार जानकार हुनुपर्दछ।

मानिसको चहलपहलअनुसार नै विकासका ढाँचाहरु बदलिनु पर्दछ। देशका नागरिक जता गए पनि यसलाई दिने सुविधा पनि त्यतै केन्द्रित गर्नुपर्दछ। गाउँठाउँमा अल्पमतमा बसेका मानिसहरुलाई पनि राज्यले सुविधा दिनै पर्दछ तर उनीहरुलाई एकीकृत वस्तीमार्फत एक ठाउँ जुटाएर सहजै विकासका पूर्वाधार पु¥याउनतर्फ सरकारले सोच्ने बेला भएको छ। रासस

# एमाले पर्साको जिल्ला अधिवेशनका लागि मिति तय



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले पर्साको ९ औँ जिल्ला अधिवेशन लागि मिति तय गरेको छ । एमाले पर्साले आगामी बैशाख १७ र १८ गते हुने जिल्ला अधिवेशन गर्ने भएको छ ।

शनिबार वीरगंजमा बसेको एमाले पर्साको सचिवालय कमिटीको बैठकले जिल्ला अधिवेशन आगामी बैशाख १७ र १८ गते गर्ने निर्णय गरेको हो ।

अधिवेशनको उद्घाटन नेकपा एमाले अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने जनाएको छ ।

बैठकमा नेकपा एमाले पर्साका जिल्ला इन्चार्ज अच्युत मैनाली, जिल्ला अध्यक्ष डा.विश्वम्भर शर्मा, सचिव मनोज गुप्ता लगायत जिल्ला कार्य समितिका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

यस्तै बैठकले जिल्ला अध्यक्ष शर्माको नेतृत्वमा रहेको वर्तमान जिल्ला कमिटीलाई मूल आयोजक कमिटीमा रुपान्तरण गर्दै प्रतिनिधि चयनका लागि मापदण्ड समेत तय गरेको छ ।

जिल्ला अधिबेशन सम्पन्न गर्नका लागि बैठकले नेताहरुको कार्य विभाजन समेत गरेको छ । जिल्ला अधिवेशनका प्रतिनिधि प्रमाणित गर्ने जिम्मा कृषि तथा पशुपंक्षी विकासमन्त्री मन्त्री ज्वाला साहलाई दिने निर्णय पनि भएको सचिव गुप्ताले जानकारी दिए ।

# रगतको अभाव भएपछि रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
अभिभावक संघले वीरगंजमा रक्तदान कार्यक्रम गरेको छ । शनिबार वीरगंजको घण्टाघर चोकमा आयोजना गरेको रक्तदान कार्यक्रमका चार जना महिलासहित ६४ जनाले रक्तदान गरेको अभिभावक संघले जनाएको छ । अभिभावक संघका अध्यक्ष, सन्दीप साहको अध्यक्षमा भएको रक्तदान कार्यक्रममा वीरगंज महानरपालिकाका पूर्व मेयर विजयी सरागी, पर्सा प्रहरी प्रमुख कुमोद ढुंगेल, वीरगंज कपडा बैक अध्यक्ष लालबाबु सिंह, दाइजो प्रथा एवं सामाजिक कुरीती विरुद्ध जागरण अभियानका अध्यक्ष विर्जेश्वर चौधरी, नेपाल बुद्धिजिवी परिषद मधेश प्रदेशका अध्यक्ष शम्भु गुप्ता, पर्सा फुटबल संघका अनिलकुमार कलवार, युवा समाजका अध्यक्ष संन्जिब थापा, वीरगंज युवाका संस्थापक अध्यक्ष कमल चौगाइ, पत्रकार महासंघ पर्सा उपाध्यक्ष युवराज खड्का, जनमत पार्टीका जिल्ला अध्यक्ष ओम प्रकाश गुप्ता र अभियान्त दिलिप कार्कीलगायतको सहभागीता रहेको थियो ।

कार्यक्रममा रक्तदान गर्नेहरुमा पुजा ढकाल, मनिषा कुमारी झा, पुनम यादव, ओनिका कुमारी, बलिराम चौधरी, सुशिल कुमार साह, बिवेक प्रसाद साह, राहुल सर्राफ, अरुण साह, सन्दिप सर्राफ, आकाश कुमार साह, राजकुमार राय, नरेन्द्र कुमार तिवारी, राजिव ठाकुर, अजित कुमार मण्डल लगायत रहेका छन् । रक्तसञ्चार केन्द्र वीरगंजमा रगतको अभाव भएपछि होलीको अवसर पारेर कार्यक्रमको आयोजना गरिएको अभिभावक संघका संदिप साहले बताउनु भयो । कार्यक्रममा रक्तसंचार केन्द्र वीरगंजले प्राविधिक सहयोग गरेको थियो । त्यसैगरी, वीरगंजका अस्पतालहरुमा रगतको अभाव भएसँगै राउण्ड टेवलद्वारा आयोजित मेगा ब्लडडोनेशन कार्यक्रम अन्तरगत पर्सा र बारामा सम्पन्न छुट्टाछुट्टै पनि रक्तदान कार्यक्रम भएका छन् । उक्त कार्यक्रममा दुई सय ५१ जनाले रक्तदान गरेको जनाइएको छ । पर्सा बाराका फरकफरक स्थानहरुमा




आयोजित कार्यक्रमबाट २ सय ५१ पिन्ट रगत संकलन भएको रक्तसञ्चार केन्द्र वीरगञ्जले जनाएको छ । राउण्ड टेबल नेपाल, दुर्गा नगर भिमसेन नेवा पुचः खल र तमु क्लवले आयोजना गरेको कार्यक्रममा २९ जना महिलासहित २ सय ५१ जनाले रगतदान गरेका हुन् । राउण्ड टेवल सस्थांको वार्षिक कार्यक्रम अन्र्तगत रक्तदान कार्यक्रमहरु आयोजना गरिएको आयोजकले जनाएका छन् । राउण्ड टेबल नेपालले वीरगंज महानगरपालिका वडा नम्बर १८ सुखचैनामा सम्पन्न कार्यक्रममा ५ जना महिलासहित ६६ जनाले रगतदान गरेका छन् । यस्तै माईस्थान संचालक समिति र राउण्ड टेबलको संयुक्त आयोजनामा माईस्थानमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा ८ महिलासहित ६२ जनाले रगतदान गरेका रक्तसञ्चार केन्द्र वीरगंज प्रमुख सौरभराज पाण्डेले जानकारी दिए । यस्तै बाराको सिमरामा दुर्गा नगर भिमसेन नेवा पुचः खलले आयोजना गरेको कार्यक्रममा ७ महिला सहित ४६ जनाले रक्तदान गरेको पाण्डेले बताए । यसैगरी तमु क्लले आयोजना गरेको कार्यक्रममा ६१ जनाले रक्तदान गरेका थिए । बाराको अमलेखगंजमा आयोजित कार्यक्रममा ९ महिलासहित ६१ जनाले रगतदान गरेको पाण्डेले बताए ।

# हनुमान मन्दिरमा १०१ फिट झण्डा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका वडा नम्बर ४ मा रहेको हनुमान मन्दिरमा एक सय एक फिट झण्डा निर्माण गरिएको छ । नगर स्तरीय योजनाबाट ६ लाख रुपैयाँको लागतमा निर्माण गरिएको १०१ फीटको महाबिरी झण्डाको शनिबार एक कार्यक्रमका बिच पोखरिया नगरपालिकाकी उपप्रमुख रूबी कुमारी ठाकुरले पूजा पाठ गरी उद्घघाटन गरेकी हुन् ।आर्थिक वर्ष २०८०÷८१ को नगर स्तरीय रहेको चार लाख रुपैयाँको योजनाको बजेट रहे पनि झण्डा निर्माण कार्यमा रकम अभावले भएको हुँदा दुई लाख रुपैयाँ थप गरी कसल ६ लाख रुपैयाँमा निर्माण गरिएको उपप्रमुख ठाकुरले बताइन् । उद्घाटन कार्यक्रममा पोखरिया नगरपालिका वडा नम्बर ४ को वडा अध्यक्ष लक्ष्मण साह कानू, महेन्द्र महतो चाई, नौसाद आलम, सोनालाल साह, पोखरिया नगरपालिकाका शिक्षा शाखा प्रमुख विजय कुमार झा, नेकापा एमाले पोखरिया नगर कमिटी अध्यक्ष बिंधाचल ठाकुर, समाज सेवी मथुरा महतोलगायत स्थानीयहरुको सहभागिता रहेको थियो ।

# ठोरीमा घण्टाघर निर्माणको शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको ठोरी गाउँपालिकामा घण्टाघर निर्माण हुने भएको छ । वीरगंजपछि ग्रामिण क्षेत्रमा नै पहिलो पटक घण्टाघर निर्माण हुन लागेको हो । ठोरी गाउँपालिका वडा नम्बर ४ को विजयबस्ती चोकमा निर्माण हुन लागेको घण्टघरको शनिबार शिलान्यास गरिएको छ ।

ठोरी चालु आर्थिक वर्षमा विनियोजित ६४ लाख ९८ हजार रुपैयाँको लागतमा निर्माण हुन लागेको सो घण्टाघरको शनिबार गापा अध्यक्ष लाल बहादुर श्रेष्ठको उपस्थितिमा ठोरी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष मान बहादुर थिङ्ले शिलान्यास गरेका हुन् । घण्टाघर निर्माणको ठेक्का प्रकाश निर्माण सेवाले लिएको छ । घण्टाघरको निर्माण चालु आर्थिक वर्षमा नै सम्पन्न गर्ने गरी निर्माणको ठेक्का दिइएको गाउँपालिकाका अध्यक्ष श्रेष्ठले बताए ।

शिलान्यास कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहा, एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, नेपाली कांग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठ लगायत ठोरी गाउँपालिका वडा नम्बर ४ का स्थानीयबासीको उपस्थिति रहेको थियो ।

# अयोध्यासम्म पैदल यात्रामा ६ युवा



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको राजापुर नगरपालिकाका ६ जना युवक भारतको अयोध्याधामसम्म पैदल यात्रामा निस्किएका छन् । अयोध्याधाममा हालै उद्घाटन भएको श्रीराम लगायत मन्दिरहरूमा दर्शन गर्ने उद्देश्य लिएर उनीहरुले शनिबारदेखि पैदल यात्रा सुरु गरेका हुन् ।

धार्मिक यात्रामा निस्केका युवाहरूको टोलीमा राजापुर नगरपालिका वडा नम्बर ५ का २५ वर्षीय सुरेन्द्र साह, सोही उमेर समूहका रमेश साह, शम्भु यादव, रुपेश साह, हरिनारायण साह र लालबाबु साह रहेका छन् । राजपुरदेखि पैदल हिँडेर सात दिनमा अयोध्याधाम पुग्ने लक्ष्य रहेको उनीहरूले बताएका छन् ।

धार्मिक यात्राका लागि निस्कँदा उनीहरूलाई राजापुर वडा नम्बर ५ का वडा अध्यक्ष कृष्णन्दन साह लगायतले खाँदा ओढाएर बिदाइ गरेका छन् । राजापुरबाट उनीहरू बंकुल बजार, बाराको काचोर्वा नाका हुँदै भारत प्रवेश गरेका छन् । रौतहटको कटहरिया नगरपालिकाका वैद्यनाथ जैसवाल केही महिना अगाडि साईकल चढेर भारतको जमु स्थित माता बैषनो देवीको दर्शन गरेर फर्केका थिए ।

# भन्सार छलीको कपडासहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल पर्साले भन्सार छलीको सामानसहित दुई जनालाई पक्राउ गरेको छ । पर्सा जिल्लाको बिन्दवासिनी गाउँपालिकाको झौवा नाकाबाट भन्सार छलीका सामानसहित दुई जनालाई पक्राउ गरेको हो ।

झौवा नाकाबाट भन्सार छली गरी कपडा ल्याएको भन्ने सूचनाको आधारमा सशस्त्र प्रहरी बल पर्सा गणबाट गएको टोलीले भारतबाट अबैध रुपमा चोरी पैठारी गरी भारतीय मोटरसाईकलहरुमा लोड गरी नेपालतर्फ ल्याउँदै गरेको कपडा, मोटरसाइकलसहित उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा पर्सा जिल्लाको बहुदरमाई नगरपालिका बस्ने २९ वर्षीय र सोही ठाउँ बस्ने ४१ वर्षीय अर्का एक जना रहेको प्रहरीले जनाएको छ । तस्करी कार्यमा संलग्न रहेको दुबै जनालाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको प्रहरीले जनाएको छ ।

# जन्मदिनको अवसरमा वृक्षारोपण



**मधेशदृष्टि**
**रौतहट ।**
आफ्नो जन्मदिनको अवसरमा भोज भतेर, पूजा पाठ, दान गर्ने परम्परा रहेको भए पनि रौतहटमा जन्मदिनको अवसरमा बृक्षारोपण गरिएको छ । नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द प्रसाद चौलागाईले आफ्नो जन्मदिनको अवसरमा गृहनगर रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर ९ मरधरमा एक कार्यक्रमको आयोजना गरी बृक्षारोपण गरेका हुन् । दिन प्रतिदिन रुख कटान तथा वन बिनास भइरहेको अवस्थामा सचिव चौलागाईले जन्मदिनको अवसरमा पारेर बृक्षारोपण गरेका हुन् । हरेक नागरिकले आफनो जन्मदिनको अवसरमा बृक्षारोपण गर्न उनले आग्रह गरेका छन् । बिरुवा रोप्ने र हेरचाह गरी हुर्काउन उनले आग्रह गरे । जन्मदिनको अवसरमा वृक्षारोपण जस्ता अभियान सकरात्मक सोचका साथ देशब्यापी लैजाने पत्रकार चौलागाइले बताए । जन्मदिनको अवसरमा अनावश्यक खर्च गर्नेहरुको संख्या बढिरहेको अवस्थामा यस्ता अभियानले समाजलाई सकरात्मक दिशातर्फ लैजान सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शिव पुरी, जनजागृती मावि सिन्धुरेघारीका प्राचार्य शत्रुधन साह, डिभिजन वन कार्यालयका सहायक वन अधिकृत अनिल कुमार महतो लगायतका वक्ताले यस्तो अभियान देशव्यापी चलाउनु पर्नेमा जोड दिए । बृक्षारोपण कार्यक्रममा चन्द्रपुर उद्योग वाणिज्य संघका महासचिव जनकराज भारती, प्रेस चौतारीका केन्द्रीय सदस्य रमेश तिमलसिना, प्रेस सेन्टरका रौतहट अध्यक्ष सुब्बा कार्की, प्रेस युनियनका रौतहट सचिव सागर हुमागाई लगायतको उपस्थीती रहेको थियो । सचिव चौलागाईंको सक्रियतामा चन्द्रपुर नगरपालिका वडा नम्बर ९ मा स्थित जनजागृती माविमा पुस्ताकालय स्थापना, चन्द्रपुर नगरपालिका वडा नम्बर १० को मुसहर बस्तीमा विपन्न परिवारको ६ वटा घर निमार्ण, जिल्लाका विभिन्न स्थानमा स्वास्थ्य शिविर, सुशासन सम्बन्धी विभिन्न कार्यक्रमहरु समेत गर्दै आएका छन् ।

# समयमै पुल निर्माण नभएपछि स्थानीय आक्रोशित

मधेशदृष्टिजनकपुरधाम ।
समयमै पुल निर्माणको काम सम्पन्न नभएपछि स्थानीय आक्रोशित बनेका छन् । पुल निर्माणको कामले पूर्णता नपाएको भन्दै स्थानीयले जनकपुर ढल्केवर सडकखण्डको सपहीमा शनिबार चक्काजाम गरेका छन् । समयमै पुल निर्माण नहुँदा धुलोधुवा उडेर आफूहरु आजित भउको र आवतजावतमा समेत समस्या भएको भन्दै स्थानीयले सडकमा चक्काजाम गरेर विरोध गरेका हुन् । शनिबार बिहान ९ बजेदेखि दिउँसो १२ बजेसम्म सपहीमा सडक अबरुद्ध गरिएको स्थानीयले बताएका छन् । स्थानीयको विरोधका कारण सडक अवरुद्ध भएपछि आवतजावतमा कठिनाइ

# आगलागीबाट ३० लाखको क्षति



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराजस्थित रुपनी रोडमा रहेको कृष्णा लेडिज एन्ड जेन्स टेलर्समा शनिबार भएको आगलागीबाट क्षति भएको छ । आगलागीबाट उक्त टेलर्समा रहेका १९ वटा कपडा सिउने मेसिन, चारवटा विद्युतीय मेसिन र ग्राहकले सिउन दिएको कपडासहित ३० लाख रुपैयाँ बराबरको क्षति भएको टेलर्स सञ्चालक रोहितकुमार साहले जानकारी दिए । आगलागीको कारणबारे कुनै जानकारी प्राप्त भएको छैन । स्थानीयवासी, प्रहरी र राजविराजबाट आएका वारुणयन्त्रको सहयोगमा आगो निभाइएको थियो । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जनकपुर अन्तर्राष्ट्रिय क्यान्सर सम्मेलन सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनपुरमा अन्तर्राष्ट्रिय क्यान्सर सम्मेलन सम्पन्न भएको छ । क्यान्सरको उपचारमा संग्लन चिकित्सकहरु बिचमा अनुभव आदन प्रदान गर्ने उदेश्यले छैटौँ क्यान्सर सम्मेलन शनिबार सम्पन्न भएको हो । सम्मेलनमा नेपालसहित भारत, अमेरिका लगायतका देशका चिकित्सहरुको उपस्थिति रहेको थियो । उनीहरुले क्यान्सर रोगको उपचार गर्दा हुने समस्या लगायतको विषयमा विचार विमर्श गरेका छन् । विनय तारा फाउण्डेसनका अध्यक्ष डा. विनय साहले सम्मेलन जनकपुरमा गर्नु अर्थपूर्ण रहेको बताउँदै भने, ‘नेपालको सबैभन्दा बढी जनसंख्या भएको मधेश प्रदेशमा क्यान्सर उपचार केन्द्र छैन । हाम्रो लक्ष्य सबैलाई क्यान्सर उपचारको पहुँचमा बनाउनु हो ।’ दक्षिण एसियाको क्यान्सर उपचारलाई थप गुणस्तरीय बनाउने विषयमा समेत सम्मेलनमा छलफल भएको विनय तारा क्यान्सर ट्रस्टका अध्यक्ष समेत रहेका शिक्षण अस्पतालका क्यान्सर सर्जन डा.वाइपी सिंहले बताए । सम्मेलनमा अमेरिकाबाट भर्जिनिया क्यासोन क्लिनिकका क्यान्सर रोग विशेषज्ञ डा. डेभिड एबुलाफिया, अमेरिकाकै युनिभर्सिटी अफ क्यालिफोर्नियाका असिस्टेनट प्रोफेसर तथा फिजिसियन डा विप्लव यादव, सोनिया दुलाल, डा. सौगात पौडेल, डा.योगेन्द्र प्रसाद सिंह लगायतले कार्यपत्र प्रस्तुत गरेका थिए ।
त्यसैगरी भारतबाट राजीव गान्धी क्यान्सर इन्सिच्युट हेमाटो अन्कोलोजी तथा बोनम्यारो ट्रान्सप्लान्ट विभागका निर्देशक दिनेश बुरानी, अल इन्डिया इन्सिच्युट अफ मेडिकल साइन्स एम्सका प्राफेसरद्वय डा अल्पना शर्मा र डा सविता यादव सहभागी थिए । क्यान्सर एउटा घातक प्रकृतिको रोग हो, जुन शरीरको कुनै अंग वा तन्तुमा कोषिकाहरूको अनियन्त्रित वृद्धिले गर्दा उत्पन्न हुन्छ र यो शरीरको अन्य भागमा समेत फैलिएर जान सक्छ । क्यान्सरका कारण सन २०१८ मा करिब ९६ लाखले ज्यान गुमाएको तथ्यांकहरूले देखाउँछ । क्यान्सर संसारकै मृत्युको◌े दोस्रो ठूलो कारण हो । क्यान्सरमा पनि फोक्सोको क्यान्सर, प्रोस्टेट क्यान्सर, आन्द्राको क्यान्सर, पेटको क्यान्सर, कलेजो◌ेको क्यान्सर पुरुषमा धेरै देखिएको छ भने महिलामा स्तन क्यान्सर, आन्द्राको क्यान्सर, फोक्सो, पाठेघरको मुखको क्यान्सर र थाइराइडको क्यान्सर प्रमुख रूपमा देखिएको छ ।
नेपालमा क्यान्सरको अवस्था प्रतिलाख ८१ जना र मृत्युदर लगभग ५५ जना रहेको छ । यसरी हेर्दा नेपालमा बर्सेनि सरदर २६ देखि ३० हजार मानिस क्यान्सरपीडित हुने र १५ देखि २० हजारको बर्सेनि मृत्यु हुने गरेको देखिन्छ । नेपालमा देखिएका मुख्य क्यान्सरहरूमा फोक्सोको क्यान्सर, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पेटको क्यान्सर र आन्द्राको क्यान्सर छन । पुरुषमा फोक्सो, पेट, आन्द्रा, मुख र थाइराइडको क्यान्सर बढी देखिएको छ भने महिलामा पाठेघरको मुख, स्तन, फोक्सो, पित्तथैली र डिम्बाशयको क्यान्सर प्रमुख छन् ।

# महानगरले ग¥यो ३३ करोड राजश्व संकलन




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८०÷०८१ मा ३३ करोड रुपैयाँभन्दा बढी राजश्व संकलन गरेको छ । महानगरपालिकाले चालु आर्थिक वर्षको आठ महिनामा ३३ करोड ३२ लाख ४६ हजार ६१७ रुपैयाँ राजस्व सङ्कलन गरेको वीरगंज महानगरपालिकाका राजश्व महाशाखाका प्रमुख मनोज कर्णले बताए ।
वीरगंज महानगरपालिकाले चालु आर्थिक बर्षमा ७० करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ । महानगरपालिकाले सम्पत्ति करबाट १२ करोड ११ लाख ९७ हजार ९०६, रुपैयाँ, भूमिकर तथा मालपोत करबाट ६६ लाख ४४ हजार ४८० रुपैयाँ, घरबहाल करबाट चार करोड तीन लाख ८५ हजार ९५१ रुपैयाँ, बहाल बिटौरीकरबाट १५ लाख १९ हजार ४१६ रुपैँया राजश्व संकलन गरेको महाशाखाका प्रमुख कर्णले बताए । त्यसैगरी सवारीसाधन कर (साना सवारी)बाट २० लाख १८ हजार ३७० रुपैयाँ, पूर्वाधार सेवाको उपभोगमा लाग्ने कर एक करोड चार लाख १२ हजार ४३० रुपैयाँ, बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर १९ लाख ६७ हजार २६२ रुपैयाँ संकलन भएको वीरगंज महानगरपालिकाले जनाएको छ ।
त्यस्तै अन्य मनोरञ्जन करबाट चार लाख २५ हजार ५९९ रुपैयाँ, व्यवसाय रजिस्टे«शन दस्तुरबाट एक करोड ८२ लाख २२ हजार ६३० रुपैयाँ, अखेटोपहारमा लाग्ने करबाट एक करोड ६४ लाख ६० हजार रुपैयाँ, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय तीन करोड २५ लाख १७ हजार ५०४ रुपैयाँ, अन्य स्रोतबाट बाँडफाँड नहुने रोयल्टी ८२ लाख ८० हजार रुपैयाँ, निजी धाराबापत शुल्क ९४ हजार रुपैयाँ राजश्व प्राप्त भएको प्रमुख कर्णले जानकारी दिए ।
त्यसैगरी महानगरपालिकाले सेवा शुल्कबाट २ करोड ७ लाख ६२ हजार ४५७ रुपैयाँ, न्यायिक दस्तुरबाट १९ हजार ६ सय रुपैयाँ, प्रशासनिक सेवा शुल्कबाट २० लाख १० हजार ७ सय ८९ रुपैयाँ, नक्शापासबाट २ करोड ३९ लाख २ हजार ९ सय ४७ रुपैयाँ, सिफारिश दस्तुरबाट १ करोड ५९ लाख रुपैयाँ, व्यक्तिगत घटना दस्तुरबाट २१ लाख ८६ हजार रुपैयाँ, नाता प्रमाणित दस्तुरबाट १५ लाख ७१ हजार रुपैयाँ अन्य दस्तुरबाट ४ लाख ६९ हजार रुपैयाँ, प्रशासनिक दण्ड जरिवाना तथा जफतबाट ४४ लाख ५३ हजार रुपैयाँ, बेरुजु असुलीबाट ६ लाख १९ हजार गरी उक्त रकम राजस्व संकलन गरेको प्रमुख कर्णको भनाइ छ । चालु आर्थिक वर्षमा गत वर्षको सोही अवधिको तुलनामा झण्डै ५ करोड रुपैयाँ बढी राजश्व संकलन भएको महानगरपालिकाले जनाएको छ ।

# परिक्रमाका यात्रीलाई मुस्लिमले गरे स्वागत



**रासस**
**महोत्तरी ।**
आफ्नो बस्ती आइपुगेका मिथिला मध्यमा परिक्रमाका यात्रीलाई शनिबार बलवा–१० धमौरामा फरक धर्म परम्पराका मुस्लिमले स्वागत गरेका शनिबार सातौँ दिनको यात्रामा धमौराको ध्रुवकुण्ड पुगेका यात्रीलाई मुस्लिम समुदायले स्वागत गरेका हुन् । बलवा–१० मा परिक्रमाको सातौँ दिनको विश्रामस्थल ध्रुवकुण्ड वरपरका धमौरा, अधियानपुर, रौजा र भगवतीपुरसहितका बस्ती अहिले मुस्लिम बसोबास बाहुल्य छन् । शुक्रबारको रात मडैमा बिताएका यात्री आज सातौँ दिन ध्रुवकुण्ड पुग्दैछन् । अहिले ध्रुवकुण्डबाट मडैसम्मकै करिब सात किलोमिटर दूरीमा यात्रीको अटुट पङ्क्ति देखिँदो छ । ध्रुवकुण्डमा मुस्लिम समुदायले फूलमाला र गम्छा ओढाएर यात्रीको स्वागत गरेका छन् ।
जिल्लामा इस्लाम (मुस्लिम, मुसलमान) धर्मावलम्बीको बसोबास बाहुल्य रहेको धमौरामा हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र ध्रुवकुण्ड छ । सत्ययुगमा राजकुमार ध्रुवले तपस्या गरेका ठाउँ मानिने ध्रुवकुण्डलाई हिन्दूले पवित्र धार्मिकस्थल मान्ने गरेका छन् । आफ्नो ठाउँ १५ दिने माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल रहँदै आउनु र यहाँ यात्रीको स्वागत गर्न पाउनु सबै धमौरावासीको गौरवको कुरा भएको मुस्लिम बताउँछन् ।
‘हिन्दू परम्पराको पवित्र तीर्थस्थल ध्रुवकुण्ड यहाँ छ, अलि पर रौजामा इस्लाम धर्म परम्पराका सुफी सन्त गदालीबाबा, बहारअलीबाबा र रहमतअली बाबाको पवित्र मजार (समाधीस्थल) छ’, धमौरा बजारका ७५ वर्षीय हासिम कवारी भन्छन्, ‘मजारस्थलमा श्रद्धा जनाउँदै हिन्दू मन्नत (
आशिष) माग्न आउँछन्, हामी (इस्लाम धर्मावलम्बी) ध्रुवकुण्डबारे चासो राख्छौँ ।’ मजार र ध्रुवकुण्ड आफ्नो ठाउँको खास ठाउँ भएका तथा यिनको परिचयले धार्मिक पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने कवारी बताउँछन् । यी दुवै धार्मिकस्थलबारे हिन्दू र मुसलमान भन्ने नछुट्याइ सबैको समान चासो हुनुपर्ने धमौरावासी बताउँछन् ।
शा◌िबार यात्रीको सातौँ दिनको रात्रि विश्रामको प्रबन्धमा मुस्लिम आफ्ना छिमेकी हिन्दूसँगै लागेका छन् । ‘यात्री हाम्रो ठाउँमा राम्रो बस्न सकुन्, यो ठाउँ सबैको मनमा रहन सकोस’ धमौराकै इब्राहिम राइन भन्छन्, ‘यात्रीको बसोबास र अन्य प्रबन्ध ठिक हुनसके हाम्रो ठाउँबारे राम्रो सन्देश जान्छ ।’
मिथिला माध्यमिकी परिक्रमा धर्मको बन्धनले नबाधिँएको धमौराका मुस्लिमको बुझाइ छ । ‘मिथिलाको महाकुम्भ भनिने यो यात्रा सिङ्गो मिथिला क्षेत्रको साझा संस्कृति बनिसकेको छ’, मुस्लिम युवा शेष इसरापूm ल भन्छन् । धमौरामा मिथिला माध्यमिकी परिक्रमाको सातौँ दिनको विश्रामस्थल रहेको ध्रुवकुण्ड र रौजास्थित इस्लाम धर्मावलम्बीका पवित्र धार्मिकस्थल रौजामजार एक किलोमिटर दूरीभित्रका पवित्र तीर्थस्थल हुन् ।
इस्लाम धर्मावलम्बी गदालीबाबासहित तीन सन्तको रौजामजारमा बर्सेनि हजारौँ संख्याका हिन्दू दर्शन र मन्नत (इच्छित मनोकामना) माग्न तथा भाकल दिन पुग्ने गरेका छन् । धमौराको विकासमा यी दुवै पक्षलाई उजागर गरेर आफ्नो ठाउँको विकास र परिचय बढाउन सकिने कुरामा यहाँ (धमौरा) का हिन्दू, इस्लाम दुवै सहमत देखिन्छन् ।
माध्यमिकी परिक्रमाका यात्री ध्रुवकुण्ड आएपछि उनीहरूको आवास, भोजन, उपचार र अन्य आवश्यक प्रबन्धमा हिन्दू तथा इस्लाम धर्मावलम्बी नबाँडिएझैं रौजामजारको व्यवस्थापन, आवश्यक प्रबन्ध र प्रचारप्रसारमा पनि हिन्दू तथा इस्लाम धर्मावलम्बीले सँगसँगै हातेमालो गर्ने गरेका यहाँका बूढापाका बताउँछन् । ध्रुवकुण्ड र रौजामजार धमौराका साझा वैभव रहेका शिक्षण पेसाबाट अवकाश लिनुभएका स्थानीय सुशील यादव बताउँछन् । मिथिलामा १५ दिने यो परिक्रमाका यात्रीले पाँच रात महोत्तरीमा बिताउने परम्परा रहँदै आएको छ । चौथो दिनको विश्रामका लागि मटिहानीबाट सु◌ुरु भएको महोत्तरीको यात्रामा पाँचौँ दिन जलेश्वर, छैटौँ दिन मडै, सातौँ दिन ध्रुवकुण्ड र आठौँ दिन कञ्चनवनमा बास बस्ने स्थापित चलन छ । शनिबार ध्रुवकुण्डमा रात्रिबासपछि आइतबार यात्री कञ्चनवनका लागि प्रस्थान गर्नेछन् ।
मिथिलाको महाकुम्भ भनिने १५ दिने यो परिक्रमामा सहभागी हुँदा मन पवित्र हुने यात्री बताउँछन् । पारिवारिक कल्याण र मोक्षको कामनाका साथ गरिने यो यात्रामा नेपाल र भारतका गरी एक सय ३३ किलोमिटरको वृत्तभित्र परिक्रमा गरिन्छ । यस अवधिमा महोत्तरीमा पाँच, धनुषामा छ र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा चार रात्रिबासको परम्परा रहँदै आएको छ ।

# वडा स्तरीय क्रिकेट उपाधि कोशी टिमलाई

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० मा आयोजित दोस्रो वडा स्तरीय क्रिकेट टुर्नामेन्टको उपाधि कोशी टिमले जितेको छ । ठाकुरराम बहुमुखी क्याम्पसको शिक्षा संकायको खेलमैदानमा शनिबार भएको फाइनल खेलमा बागमती टिमलाई ९ विकेटले हराउदै कोशीले उपाधि जितेको हो । बागमतीले दिएको एक ५० रनको लक्ष्य कोशीले मात्र एक विकेटको क्षतिमा पूरा गर्दै उपाधि जितेको हो । फाइनल खेलको म्यान अफ दि म्याच कोशीका राहुल साह घोषित भएका थिए । प्रतियोगिताको समापन समारोहमा विजेता टिमलाई ट्रफी प्रदान गर्दै वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले खेलकुदका कार्यक्रममा राजनीतिक भाषण बन्द गर्नुपर्ने बताए । उनले वडा नम्बर १० ले आयोजना गरेको क्रिकेट टुर्नामेन्ट एकदम सराहनिय रहेको भन्दै वडाध्यक्ष सुशिल साह कानुलाई धन्यवाद दिए ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन